# नरहरिनाथ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## कुमालगाउँ, कालिकोट
कर्णाली प्रदेश, नेपाल

नरहरिनाथ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कुमालगाउँ, कालिकोट कर्णाली प्रदेश, नेपाल २०७३

पत्र संख्या : २०७९/०८०
चलानी नं :

## रोजगार सहायकको सेवा करारमा पदपूर्ति सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः- २०७९/०४/०९)**

श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय,प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत मिति २०७९/०३/२२ र चलानि नं. ३६३ प्रकाशित सूचना अनुसार रोजगार सेवा केन्द्रमा रोजगार सहायक १ (एक) पद खुला प्रतिस्पर्धाको माध्यमबाट करार सेवामा पद पूर्ति गर्नु पर्ने भएकोले निम्न बमोजिम योग्यता पुगेको इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र माग बमोजिमको विवरण र राजस्व तिरेको भौचर रसिद सहित निवेदन पेश गर्न हुन यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.स. | विज्ञापन नं. | पद | तह | माग संख्या |
|---|---|---|---|---|
| १ | १/२०७९/८० | रोजगार सहायक | स्थानीय सेवाको सहायक पाँचौ तह सरह | १ जना |

१. **आवश्यक न्यूनतम योग्यता र अनुभव**
   क. नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रविणता प्रमाण पत्र वा सो सरह उत्तीर्ण गरेको ।
   ख. दरखास्त दिन अन्तिम मितिमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।
   ग. आधारभूत कम्प्यूटर सीप सम्बन्धी कम्तीमा ३ महिनाको तालिम लिएको ।

२. **दरखास्त दिने स्थानः-** नरहरिनाथ गाउँ कार्यपालिकाको कार्यालय कुमालगाउँ कालिकोट ।

३. **दरखास्त दिने अन्तिम मितिः-** २०७९/०४/२३ गते कार्यालय समय भित्र ।

४. **आवेदनको दस्तुरः-** रु. ५००/- (पाँच सय मात्र)

५. **छनोटको किसिमः-** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा तथा प्रयोगात्मक परीक्षा ।

६. **आवेदन साथ संलग्न कागजातहरुः-** आवेदक स्वयंमले प्रमाणीत गरेको देहाय बमोजिमका कागजातको प्रतिलिपिहरु
   क. नागरिकता
   ख. न्यूनतम योग्यताको लब्धाङ्क प्रमाण पत्र
   ग. चारित्रिक प्रमाण पत्र
   घ. काम सँग सम्बन्धित अनुभव भए सोको कागजात
   ङ. तालिमको प्रमाणपत्र
   च. २ प्रति पासपोर्ट साइजको फोटो

७. **सेवा सुविधा तथा अन्यः-** स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड,२०७८ को दफा १३ र १४ बमोजिम हुनेछ ।

८. आवेदनको ढाँचा र रोजगार सहायक पदको पाठ्यक्रम लगायत पदपूर्ति सम्बन्धीत अन्य जानकारी प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाइट www.pmep.gov.np तथा नरहरिनाथ गाउँपालिकाको वेवसाइट www.naraharinathmun.gov.np बाट प्राप्त गर्न सकिने छ ।

९. लिखित तथा प्रयोगात्मक परीक्षाको मिति प्रारम्भिक योग्यताक्रमको सूचि प्रकाशन सँगै तोकिने छ ।

.........................
दीपेन्द्र बहादुर बुढा
नि.प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकीय अधिकृत

अनुसूची -६

(दफा ७(२) सँग सम्बन्धित)

रोजगार सहायकको पाठ्यक्रम

**(क) सेवा सम्बन्धी**

खण्ड-१:- प्रशासनिक कार्य सम्बन्धी **पूर्णाङ्क-५०** **समयः १ घण्टा**

१. नेपालको संविधानको भाग-५ मौलिक हक सम्वन्धी व्यवस्था

२. नेपालको संविधानको अनुसूची-५, ६, ७, ८ र ९

३. रोजगारीको हक सम्बन्धी ऐन, २०७५ र रोजगारीको हक सम्बन्धी नियमावली, २०७५

४. स्थानीय सरकार सञ्चालन ऐन, २०७४

५. प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५, कामका लागि पारिश्रमिकमा आधारित सामूदायिक आयोजना सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७६ र युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६

६. स्थानीय तहको बजेट तर्जुमा प्रकृया, खर्च व्यवस्थापन र लेखा परीक्षण तथा गुनासो व्यवस्थापन

७. सामाजिक परिचालन, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण तथा गुनासो व्यवस्थापन

८. आचरण तथा अनुशासन

९. बेरोजगारी, गरिबी निवारण र रोजगारी सिर्जनाका उपायहरु र स्थानीय तहमा रोजगारी सिर्जनाका क्षेत्र, सम्भावना तथा चुनौतीहरु

१०. सार्वजनिक निर्माण कार्यक्रम (Public Works Programme) मार्फत रोजगारी सिर्जनाका र कामका लागि पारिश्रमिक (Cash for Work) को अवधारणा, राष्ट्रिय तथा अन्तराष्ट्रिय अभ्यास र चुनौतीहरु

११. रोजगारी सिर्जनामा सरकार, निजीक्षेत्र, गैर सरकारी संस्था, सहकारी क्षेत्रको भूमिका र यस्ता क्षेत्रहरु बीचको सहकार्य, साझेदारी र समन्वय

१२. स्थानीय तहमा योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन प्रकृया

१३. स्थानीय विकास तथा सेवा प्रवाह प्रकृयामा जनसहभागिता, पारदर्शिता र उत्तरदायित्व

**(ख) कम्प्युटर सम्बन्धी प्रयोगात्मक परीक्षा** **पूर्णाङ्क-५०** **समयः ३० मिनेट**

1. Computer fundamental
2. Operating System
3. Word processing
4. Electronic spreadsheet
5. Database management system
6. Power Point Presentation system
7. Internet Browsing & Website Management.